# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

### खेल मैदानका लागि जग्गा खरिद सम्बन्धी सार्वजनिक सूचना ।

(तेस्रो पटक सूचना प्रकाशित मिति:२०७८।१२।२४)

यस नगरपालिका अन्तरगत वार्ड नं.७ विगुटार खेल मैदानको लागि जग्गा खरिद गर्न मिति २०७८/११/११ मा दोस्रो पटक प्रकाशित सुचना अनुसार पेश हुन आएको सिलवन्दी दरभाउपत्र सारभुतरुपमा प्रभावग्राही नभएकोले मिति २०७८/१२/१८ को कार्यपालिका बैठक बाट पुनः सुचना आव्हान गर्ने निर्णय भएकोले तपसिलमा उल्लेखित शर्त बमोजिम जग्गा उपलब्ध गराउन इच्छुक ब्यक्ति तथा संघ/संस्थाहरुले प्रथम पटक सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र आफूले उपलब्ध गराउन चाहेको जग्गाको क्षेत्रफल तथा प्रति इकाई मूल्य बिवरण सहितको सिलबन्दी दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:

१. उपलब्ध गराइने जग्गाको चार किल्ला, क्षेत्रफल, अवस्थिति तथा प्रकृति देहाय बमोजिम हुनु पर्नेछ ।

देहायः

क) जग्गाको क्षेत्रफल न्यूनतम १३-१२-०-३ (तेह रोपनी वाह्र आना तिन दाम), जग्गाको न्यूनतम लम्वाई १०० मिटर र न्यूनतम चौडाई ७० मिटर हुनुपर्ने र भविष्यमा सोको आसपास थप जग्गा आवश्यक हुँदा सहज रुपमा उपलब्ध हुन सक्ने सम्भावना रहेको।

ख) बिगुटार मा.वि. को नजिक पर्ने गरी बुके भगेरीको पल्लो डीलबाट पूर्व, काफलबोटको ठाडो बाटो पश्चिम, पोखरी/स्वास्थ्य चौकी भँगेरी खेतबाट उत्तर र रानीवन पुच्छारको कांछ बाट दक्षिण समथल भुभाग पर्ने गरी चार किल्लाभित्र अवस्थित हुनु पर्नेछ ।

ग) उपलब्ध हुने जग्गा सकेसम्म एउटै कित्ता वा एकभन्दा बढी कित्ताहरु भएमा एक आपसमा कित्ताहरु जोडिएको हुनु पर्नेछ ।

घ) जग्गा बाढी पहिरोको जोखिम नभएको, सडक तथा खानेपानीको पर्याप्त पहुँच पुगेको र विद्युत सेवा विस्तार गर्न सहज सम्भावना भएको हुनु पर्नेछ ।

२. दरखास्तसाथ उपलब्ध गराउन चाहेको जग्गाको कित्ता नं. र क्षेत्रफल समेत देखिने जग्गाधनी दर्ता प्रमाणपूर्जा, चालु आ.व.०७८/०७९ को सम्पत्तिकर/मालपोत तिरेको रसिद र स्वामित्ववालाको नेपाली नागरिकताको प्रमाण पत्र (संघ संस्था भए संस्था दर्ता प्रमाण पत्र र जग्गा बिक्री सम्बन्धमा कार्य समितिबाट भएको निर्णय) को प्रतिलिपिहरु स्वप्रमाणित गरी सिलबन्दी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरखास्तसाथ आफुले उपलब्ध गराउन चाहेको जग्गा रहेको वडा नं., कि.नं., क्षेत्रफल, अवस्थिति (स्थान), जग्गाको प्रकृति तथा प्रति रोपनी मूल्यदर (अंक र अक्षरमा) उल्लेख गरेको हुनु पर्नेछ ।

४. सिलबन्दी दरखास्तबाट प्राप्त हुने जग्गाहरुमध्ये कुन जग्गा प्राप्ति गर्ने सम्बन्धमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

५. दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिने छ ।

६. यस सम्बन्धमा थप जानकारी लिनु पर्ने भएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी वा सम्पर्क नम्बर ९८४२९३१२२५ मा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

..........................

प्रमुख प्रशासकीय अधिकृत